भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


प.सं. :-२०७९/८०
च.नं.:- ११४

मितिः- २०७९/०४/२६

विषय :- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री २, ३, ४, ५, ८ र ९ नं. वडा कार्यालय सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

प्रस्तुत विषयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को आ.व.२०७९/८० को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम *आ.व.२०७८/७९मा स्थापना भएको तरकारी बालीको पकेट विकास कार्यक्रम निरन्तरता कार्यक्रम सञ्चालन सम्बन्धी सूचना* दोस्रो पटक प्रकाशित त्यहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी वडाबासी *कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समितिहरु*लाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ । साथै उक्त *आ.व.२०७८/७९मा स्थापना भएको तरकारी बालीको पकेट विकास कार्यक्रम निरन्तरता कार्यक्रम सञ्चालन सम्बन्धी सूचना* थान १ (एक) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

..............................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**आ.व.२०७८/७९मा स्थापना भएको तरकारी बालीको पकेट विकास कार्यक्रम निरन्तरता कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०४/२६**

प्रस्तुत विषयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को आ.व.२०७९/८०को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत तपशिलका क्षेत्रहरुमा ***आ.व.२०७८/७९मा स्थापना भएको तरकारी बालीको पकेट विकास कार्यक्रम निरन्तरता कार्यक्रम*** सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समिति/जल/वन उपभोक्ता समितिहरुले आवश्यक कागजातहरु सहित ***यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनभित्र अर्थात (मिति २०७९/०५/०२ गते भित्र)*** यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)मा तोकिएको ढाँचामा (अनुसूची १०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीको लागि भूमे गाउँपालिकाको कार्यालय, कृषि सेवा केन्द्र खाबाङ्ग बगर, रुकुम (पूर्व)मा सम्पर्क गर्न सकिनेछ ।

**क) पकेट सञ्चालन हुने क्षेत्रः-** भूमे गाउँपालिका अन्तर्गतका २, ३, ४, ५, ८ र ९ नं. वडाहरुमा ।

**ख) भूमे गाउँपालिका भित्रका वडाहरुको गाउँ अनुसार पकेट कार्यक्रमहरु ।**

| भूमे गाउँपालिका, वडा नं. नाम | पकेट क्षेत्र वा गाउँको नाम | पकेट बाली वस्तु |
|---|---|---|
| वडा नं. २, काँक्री | खाबाङ्ग | तरकारी बाली |
| वडा नं. ३, सिमा | सिमा | तरकारी बाली |
| वडा नं. ४, काँडा | काडाँ बगर | तरकारी बाली |
| वडा नं. ५, सेराबाङ्ग | माथिल्लो साकिम | तरकारी बाली |
| वडा नं. ८, पोखरापाटा | पुर्साबाङ्ग | तरकारी बाली |
| वडा नं. ९, गैरीगाउँ | लाखर | तरकारी बाली |

<u>निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु</u>

(१) कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समितिको कार्यक्रम माग सम्बन्धमा निवेदन र छाप ।

(२) सम्बन्धित निकायमा कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समिति दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी ।

(३) कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समितिको स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।

(४) कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समितिको गत आ.व. २०७८/७९को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।

(५) कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समितिको गत आ.व.२०७८/७९को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।

(६) कार्यक्रम सञ्चालन हुने तथा उपभोग गर्ने स्थानका कृषकहरुको जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामाको प्रतिलिपी ।

(७) निवेदक (कार्यक्रम सञ्चालन तथा उपभोग गर्ने कृषक)हरुको नेपाली नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

(८) कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समितिको कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपी ।

.............................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

.............................
(प्रेम प्रसाद भट्टराई)
अधिकृत (छैटौं)

<u>सम्पर्कका लागिः</u>

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८२२८२३८२६, ९८४१८०२७३२

२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८१०९४०९९५, ९८६६९०४६५६

२. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८०६२९११२५, ९८६८६२१८०४